मिति २०७३।०४।०५

# प्रेस विज्ञप्ती

## धितोपत्र दलाल व्यवसायीले लिने शुल्क घटाइएको सम्बन्धमा ।

विगत केही समयदेखि धितोपत्र दोस्रो बजार कारोबारको संख्या एवं रकममा निरन्तर वृद्धि हुँदै गईरहेको पृष्ठभूमिमा धितोपत्र दलाल व्यवसायीले लिने शुल्क पुनरावलोकन गरी कारोबारको लागत घटाई बजार तथा लगानीकर्ता मैत्री बनाउन आवश्यक भैरहेकोले, बोर्डले धेरै अगाडि धितोपत्र व्यवसायी (धितोपत्र दलाल, व्यापारी तथा बजार निर्माता) नियमावली, २०६४ को अनुसूची-१४ मा संशोधन गर्न नेपाल सरकार, अर्थ मन्त्रालयको स्वीकृतिका लागि प्रस्तुत गरेकोमा अर्थ मन्त्रालयबाट मिति २०७३।४।५ को निर्णयानुसार देहाय वमोजिम संशोधन गर्न स्वीकृति प्राप्त भएको छ । यस अनुसारको व्यवस्था शीध्र लागू गर्न नेपाल स्टक एक्सचेञ्ज लि. लाई निर्देशन दिइएको छ ।

१. संगठित संस्थाको शेयरको प्रत्येक खरिद तथा विक्री कारोबारमा धितोपत्र दलाली वापत लिन पाउने सेवा शुल्क :

| कारोबार | सेवा शुल्क |
|---|---|
| रु. ५०,०००।- सम्मको कारोवारमा | ०.६० प्रतिशत |
| रु. ५०,०००।- भन्दा माथि रु. ५,००,०००।- सम्मको कारोवारमा | ०.५५ प्रतिशत |
| रु. ५,००,०००।- भन्दा माथि रु. २०,००,०००।- सम्मको कारोवारमा | ०.५० प्रतिशत |
| रु. २०,००,०००।- भन्दा माथि रु. १,००,००,०००।- सम्मको कारोवारमा | ०.४५ प्रतिशत |
| रु. १,००,००,०००।- भन्दा माथि जतिसुकैको कारोवारमा | ०.४० प्रतिशत |

२. नेपाल सरकार वा नेपाल सरकारको जमानत वा पूर्ण सुरक्षित हुने गरी सरकारी संस्था वा नेपाल राष्ट्र बैंकले जारी गरेको ऋणपत्रको खरीद विक्री कारोबारमा धितोपत्र दलाली वापत लिन पाउने सेवा शुल्कमा कुनै परीवर्तन गरीएको छैन ।

३. संगठित संस्थाको शेयर, नेपाल सरकार वा नेपाल सरकारको जमानत वा पूर्ण सुरक्षित हुने गरी सरकारी संस्था वा नेपाल राष्ट्र बैंकले जारी गरेको ऋणपत्र बाहेकको अन्य धितोपत्रको हकमा धितोपत्र दलाली वापत लिन पाउने सेवा शुल्क :

| कारोबार | सेवा शुल्क |
|---|---|
| रु. ५,००,०००।- सम्मको कारोवारमा | ०.३० प्रतिशत |
| रु. ५,००,०००।- भन्दा माथि ५०,००,०००।- सम्मको को कारोवारमा | ०.२५ प्रतिशत |
| रु. ५०,००,०००।- भन्दा माथि जतिसुकैको कारोवारमा | ०.२०प्रतिशत |

यस अघि संगठित संस्थाको शेयरको कारोबारमा धितोपत्र दलाली वापत लिन पाउने सेवा शुल्क देहाय अनुसार रहेको थियो ।

| कारोबार | सेवा शुल्क |
|---|---|
| रु. ५०,०००।- सम्मको कारोवारमा | १ प्रतिशत |
| रु. ५०,०००।- भन्दामाथि रु. ५,००,०००।- सम्मको कारोवारमा | ०.९ प्रतिशत |
| रु. ५,००,०००।- भन्दामाथि रु. १०,००,०००।- सम्मको कारोवारमा | ०.८ प्रतिशत |
| रु. १०,००,०००।- भन्दा माथि जतिसुकैको कारोवारमा । | ०.७ प्रतिशत |

त्यस्तै संगठित संस्थाको शेयर र नेपाल सरकार वा नेपाल सरकारको जमानत वा पूर्ण सुरक्षित हुने गरी सरकारी संस्था वा नेपाल राष्ट्र बैंकले जारी गरेको ऋणपत्र बाहेकको अन्य धितोपत्रको हकमा धितोपत्र दलाली वापत लिन पाउने सेवा शुल्क देहाय अनुसार थियो ।

| कारोबार | सेवा शुल्क |
|---|---|
| रु. ५,००,०००।- सम्मको कारोवारमा | ०.७५ प्रतिशत |
| रु. ५,००,०००।- भन्दा माथि ५०,००,०००।- सम्मको को कारोवारमा | ०.६० प्रतिशत |
| रु. ५०,००,०००।- भन्दा माथि जतिसुकैको कारोवारमा | ०.४० प्रतिशत |

(निरज गिरी)
प्रवक्ता